लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
# डिभिजन वन कार्यालय, बर्दिया
गुलरीया, बर्दिया

☎/🖷 कार्यालय : ०८४-४२०१५६
ईमेल ठेगाना: dfobardiya@gmail.com

प. स. २०८२/०८३ (वन व्यवस्थापन शाखा) मितिः २०८२/११/१५
च.नं. ३१४०

विषयः सुचना अपलोड गरी सो को जानकारी उपलब्ध गराइदिने सम्बन्धमा ।

श्री वन तथा वातावरण मन्त्रालय,
राप्ती उपत्यका (देउखुरी), नेपाल ।

श्री वन निर्देशनालय,
बुटवल, रुपन्देही ।

प्रस्तुत विषयमा श्री जनसेवा शाक्ति थारु सामुदायिक वन उपभोक्ता समूह, बारबर्दिया न.पां.-२, पचघरुवा, बर्दियाको प.सं. २०८२।०८३, च.नं १५, मिति २०८२।११।१५ गतेको पत्रसाथ संलग्न पहिलो पटक काठ, दाउरा बोलपत्रद्वारा लिलाम विक्री सम्वन्धी सुचना पाना २ मिति २०८२।११।१५ गते यस कार्यालयमा प्राप्त भई समूहको माग अनुसार ताहाँको वेइवसाईटमा अवलोड गरी सो को जानकारी उपलब्ध गराईदिनु हुन सादर अनुरोध छ ।

२०८२/११/१५

विजय राज सुवेदी
सिनियर डिभिजनल वन अधिकृत

सिनियर डिभिजनल वन अधिकृत

बोधार्थः-

श्री जनसेवा शाक्ति थारु सामुदायिक वन उपभोक्ता समूह,
बारबर्दिया न.पां.-२, पचघरुवा, बर्दियाः त्यस समुहबाट प्राप्त सुचना यस कार्यालयको सुचना पाटीमा टाँस गर्नुका साथै वेबसाइटमा समेट राखिएको व्यहोरा जानकारी गराईन्छ।

# श्री जनसेवा शक्ति थारु सामुदायिक वन उपभोक्ता समुह

बारबर्दिया न. पा. २, पचघरुवा बर्दिया

प. सं. ०८२।८३

च.न.:- १५

मिति :- २०८२।११।१५

**विषयः सुचना वेवसाईटमा अपलोड गरिदिने सम्बन्धमा।**

डिभिजन वन कार्यालय
गुलरिया , बर्दिया ।

प्रस्तुत विषयमा यस समुहले मिति २०८२।११।१५ गते काठ दाउरा लिलाम विक्रिवितरण सम्बन्धि सुचना मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरेको र सो सम्बन्धि विस्तृत सुचना डिभिजन वन कार्यालय बर्दिया, वन निर्देशनालय वुटवल र वन तथा वातावरण मन्त्रालय राप्ती, उपत्यका दाङ्को वेवसाईटमा अपलोड गरि सहयोग गरिदिनु हुन विस्तृत सुचना पना २ को थान १ यसै पत्रसाथ पठाईएको व्यहोरा सदर अनुरोध छ ।

डिभिजन वन कार्यालय, बर्दिया
दर्ता नं. :- ४५५९
मिति :- २०८२।११।१५

०८२।११।१५
कालुराम थारु
अध्यक्ष

अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री जनसेवा शक्ति थारु सामुदायिक वन उपभोक्ता समूह

**बारबर्दिया** न.पा. २, , बर्दिया

प.स.

च.नं.

मिति: २०८२/११/१५

विषयः गोलिया काठ र दाउरा बोलपत्रद्धारा लिलाम बिक्रीको सूचना ।

लट नं. १ र २ (२०८२/०८३)

<u>पहिलो पटक सुचना प्रकाशन मिति २०८२।११।१५</u>

श्री जनसेवा शक्ति थारु सामुदायिक वन उपभोक्ता समूहको वनबाट आ.व.२०८२/०८३ मा रुखहरु कटान मुछान गर्दा उत्पादित गोलिया काठ बारबर्दिया न.पा. ०२, को घाटगद्दिमा रहेको तपसिलमा उल्लेखित परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना **मध्यान्ह राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८२/११/१५ गते प्रकाशन** भएको **मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी** २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस जनसेवा शक्ति थारु सामुदायिक वन उपभोक्ता समुहको कार्यालय बारबर्दिया न.पा. वडा नं. २ बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

<u>तपसिल</u>

**१.वन पैदावारको बिवरण:-**

| वन पैदावार | | | | | | | मुल्याङकन (रु.) | |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ्ग नं. | जात | ग्रेड | किसिम | थान | परिमाण घ.फि. | न्युनतम मुल्य रु. | सङ्कलन खर्च |
| १ | २, ३,४,५,६,७, ८,९,१०, ११र १२ | सिसौ | A | गोलिया | १ | ७.५६ | ५२९२/- | काठ संकलन खर्च प्रति क्यू.फि. रु.१३२/- तथा दाउरा प्रति चट्टा ९५००/- साकार कर्ताले व्यहोर्नु पर्नेछ । |
| | | सिसौ | B | गोलिया | १३३ | ३२२.२२ | १६१११०/- | |
| | | सागवान | A | गोलिया | १४७ | १५३३.९८ | १२२७१८४/- | |
| | | सागवान | B | गोलिया | १८३८ | ५४९२.७३ | ३२९५६३८/- | |
| | | सिरिस | A | गोलिया | ७ | ९२.४५ | २७७३५/- | |
| | | सिरिस | B | गोलिया | १६ | ६०.१२ | १२०२४/- | |
| | | अस्ना | A | गोलिया | ४ | ११८.५७ | ४७४२८/- | |
| | | अस्ना | B | गोलिया | २ | २४.१० | ७२३०/- | |
| | | अस्ना | C | गोलिया | ७ | २७.०९ | २७०९/- | |
| | | कर्मा | B | गोलिया | २ | १९.६२ | ५८८६/- | |
| | | कर्मा | C | गोलिया | ५ | २०.५८ | २०५८/- | |
| | | कुसुम | N | गोलिया | ७ | ४६.४९ | ४६४९/- | |
| | | कान्जी | N | गोलिया | २ | ४.६४ | ४६४/- | |
| | | जामुन | A | गोलिया | १ | १०.९४ | ४३७६/- | |
| | | जामुन | B | गोलिया | १ | ९.५३ | २८५९/- | |
| | | जामुन | C | गोलिया | ६ | २३.१८ | २३१८/- | |
| | | जम्मा | | | २१७९ | ७८१३.८० | ४८०८९६०/- | |

अनुसुचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री जनसेवा शक्ति थारु सामुदायिक वन उपभोक्ता समूह

**बारबर्दिया** न.पा. २, , बर्दिया

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | | सिसौ/टिक | | दाउरा | | १५ चट्टा | १८००००/- | |
| | | साल | | दाउरा | | ५ चट्टा | ६००००/- | |
| | | जम्मा | | | | २० चट्टा | २४००००/- | |

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मिति:२०८२।१२।०६ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रि वाणिज्य बैक, गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. ४१४०१००१००२२०००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको लट नं. १ को रु. ३०००।– र लट नं. २ को रु १०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम बढाबंढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ५:०० बजे भित्र जनसेवा शक्ति थारु सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दि स्थलमा गई हेर्न सकिनेछ।

**६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्धी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।**

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८२।१२।०६ गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।